# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४
च.नं.:

मितिः २०८३/०५/१७

## विज्ञप्ति

मिति २०८३ भाद्र १० गते बुधबारका दिन छिमेकी मुलुक चीन (तिब्बत) तर्फबाट रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा लगायतका जिल्लाहरुमा भएको ठूलो धनजन, मानवीय तथा भौतिक क्षतिप्रति यस शितगंगा नगरपालिकाद्धारा गहिरो दुःख व्यक्त गर्दछ। यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना तथा घाइते एवम् प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

राष्ट्रिय विपद्को यस कठिन घडीमा बाढीबाट प्रभावित नागरिकहरू तथा शोकाकुल परिवारहरुप्रति गहिरो सहानुभूति तथा एक्यबद्धता प्रकट गर्दै राहत तथा पुनर्स्थापनाका लागि मितिः २०८३/०५/१७ गते बसेको यस नगर कार्यपालिका बैठकबाट निर्णय भए अनुसार तपशिल बमोजिमको रकम संकलन गरि प्रधानमन्त्री दैवी प्रकोप उद्दारकोषमा आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भए बमोजिम रकम जम्मा गरिनेछ।

यस विपदको चुनौतीपूर्ण समयमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत सबै पक्षलाई उद्धार र राहत कार्यमा जुटन अपिल गर्दछौं ।

तपशिल

| सि. नं. | शिर्षक | रकम रु. |
|---|---|---|
| १ | नगरपालिकाको विपद कोषबाट | ५,५५,५५५/- |
| २ | शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा विद्यालय का.स. हरुको तलब तथा पारिश्रमिकबाट | २१,८२,६२०/- |
| ३ | जनप्रतिनिधि र कर्मचारीहरुको तलब तथा पारिश्रमिकबाट | ६,१४,१०६/- |
| | जम्मा | ३३,५२,२८१/- |

छविलाल पौडेल

नगर प्रमुख
नगर प्रमुख
शितगंगा नगरपालिका